नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

पत्र संख्याः ०७८/७९

चलानी नं. २६१८

वागमती प्रदेश, नेपाल

मितिः २०७९।०१।१३

विषयः <u>का.वा. वडा अध्यक्ष सम्बन्धमा जरूरी परिपत्र</u> ।

**श्री वडा कार्यालय (सबै),**

नीलकण्ठ नगरपालिका, धादिङ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११६ को उपदफा (१) मा **वडा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वडा समितिका सदस्यहरूले आफूहरूमध्येबाट छनौट गरेको सदस्यले कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्नेछ** भन्ने प्रावधान रहेकाले तहाँ वडामा वडा अध्यक्षको राजीनामा भएको भएमा उल्लिखित व्यवस्था बमोजिम वडा सदस्यहरूको वैठकबाट कार्यवाहक वडा अध्यक्ष तोक्न लगाई दैनिक कामकाज गर्नुहुन अनुरोध छ । साथै, वडा अन्तर्गतका सबै प्रतिनिधिहरूको राजीनामा भएकोमा उल्लिखित ऐनकै दफा ११६(२) बमोजिम कार्यपालिकाको वैठकको निर्णयबाट कुनै कर्मचारीलाई वडा अध्यक्षको कामकाज गर्नेगरी तोकिपठाइने बेहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो जरूरी परिपत्र गरिएको छ ।

<u>पुनश्चः</u> उल्लिखित कानूनी प्रावधान बाहेक अन्य कुनै विधिबाट कामकाज नगर्नु/ नगराउनुहुन समेत यसै परिपत्रद्वारा अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)

**प्रमुख प्रशासकीय अधिकृत**